# के परमेश्वरले पीडा, काँडा, पसिना र पुरुष–एकल शासन चाहनुहुन्छ?

**पक्कै होइन।** त्यसो भए परमेश्वरले किन उत्पत्ति ३:१६–१७ मा यसो भन्नुभयो:

> "...त्यसले तँलाई अधीनमा राख्नेछ। ...तेरो जीवनभरि दु:खसँग त्यसको उब्जनी तैंले खानेछस्। त्यसले तेरो निम्ति काँढा र सिउँडीहरू उमार्नेछ, तैंले खेतको सागपात खानेछस्।"

**मुख्य शब्द**

יִמְשָׁל

*इमसाल* yimshal - त्यसले तँलाई अधीनमा राख्नेछ।

**यदि परमेश्वरले कुनै अवस्थाको वर्णन गर्नुहुन्छ भने, के यसको मतलब उहाँ त्यस्तै भएको चाहनुहुन्छ?**

परमेश्वरले संसारलाई एकता र पूर्णतामा बनाउँनुभयो (उत्पत्ति १–२)। उत्पत्ति ३ अध्यायले पतनको त्रासदीको विवरण दिन्छ। पापले परमेश्वरको सिद्ध संसारलाई बिगाऱ्यो परमेश्वरको स्वरुप धारण गरेका मानिसहरू लज्जित, भयभीत र पापी भए। पतित संसारले अब परमेश्वरको आदर्शको प्रतिनिधित्व गर्दैन।

## निर्धारण वा वर्णन?

**के परमेश्वरले मानिसहरूको लागि *आफ्नो इच्छा* व्यक्त गर्नुभएको हो? वा उत्पत्ति ३ अध्यायमा *पतनको नतिजा* बारे भन्नुभएको हो?**

उत्पत्ति ३: १४–१९ मा परमेश्वरले धेरै घोषणाहरू गर्नुभयो, र अहिले हामीसँग छनौट गर्ने विकल्प छ। के हामी विश्वास गर्छौं कि परमेश्वरले संसार कस्तो हुनुपर्छ भनेर **निर्धारण** गरिरहनुभएको थियो, वा उहाँले टुटेको संसारको **वर्णन** गरिरहनुभएको थियो? उदाहरणको लागि:

- काँडा र सिउँडीहरू –के परमेश्वरले काँडाहरू चाहनुहुन्थ्यो, वा उहाँले कठिनाइको वर्णन गर्दैहुनुहुन्थ्यो?
- तेरो निधारको पसिनाले कमाएको भोजन तैंले खानेछस् –के परमेश्वरले पसिना चाहनुहुन्थ्यो, वा उहाँले कठिनाइको वर्णन गर्दै हुनुहुन्थ्यो?
- सुत्केरी–वेदना –के परमेश्वर यस पीडादेखि प्रसन्न हुनुहुन्छ, वा उहाँले परिणामको वर्णन गर्दै हुनुहुन्छ?
- महिलाको इच्छा पतितर्फ नै हुनेछ –के महिलाको इच्छा (*टु'सुकह (T' suqah)*) परमेश्वरको योजना हो, वा पतनको परिणाम हो?
- पुरुषले महिलालाई अधीनमा राख्नेछ –के पुरुषले गर्ने शासन (मशाल) परमेश्वरको योजना हो, वा पतनको परिणाम?

यदि परमेश्वरले मानव पीडा, काँडा, र पसिना चाहनुहुन्छ भने **मानिसहरूले काँडा, पसिना, वा दुखाइ कम गर्न खोज्दा उहाँको इच्छा अवज्ञा गर्छन्!** किसानले काँडा रोप्नु पर्छ, हटाउनु हुँदैन। शितल रहने कोशिश गर्नुभन्दा, काम गरेर पसिना बगाउनुपर्छ। र बच्चा जन्माउने महिलाहरूका लागि (आइया, आथा!)–पीडा कम गर्ने कुनै औषधिहरू छैनन्, कुनै शितल कपडा छैन, न कुनै सान्त्वना दिने शब्दहरू। त्यसको सट्टा, परमेश्वरले थप पीडा चाहनुहुन्छ! के यो सही सुनिन्छ? निश्चय पनि सुनिन्दैन।

## माशाल बराबर शासन

उत्पत्ति ३:१४–१९ का पाँच परिणामहरूले परमेश्वरको सिद्ध योजनाबाट केही परिवर्तनभएको देखाउँछ। तैपनि, केही बाइबल शिक्षकहरूले अन्तिम दुई वाक्यांशहरू दावी गर्छन्, महिलाको 'इच्छा पतितर्फ हुनु' र पुरुषले 'महिलालाई अधीनमा राख्ने' भन्ने कुरामा नै हामी जीउन खोज्नुपर्छ भन्ने परमेश्वर योजना हो। फेरि पनि, यी परिणामहरू परमेश्वरको आदर्श होइनन्। (*टु'सुकह (T' suqah)* ) ले संकेत गर्दछ कि महिलाले आफ्नो नजरलाई परमेश्वरबाट पुरुषतर्फ 'फर्काउनेछ'। (एक पृष्ठ हेर्नुहोस्: के एउटी महिलाले अफ्नो इच्छा पतितर्फ नै राख्नुपर्छ?) महिलामाथि पुरुषको 'शासन'ले सह–शासन र सह–प्रभुत्वबारे परमेश्वरको योजनालाई परिवर्तन गर्यो। उत्पत्ति १ र २ अध्यायमा, दुवैलाई एक–अर्कामाथि शासन गर्न भनिएको थिएन, तर परमेश्वरले उत्पत्ति १:२८ पदमा सृष्टिमाथि प्रभुत्व जमाउन दुवैलाई आज्ञा दिनुभएको थियो। एक–अर्कामाथि शासन गर्दा घमण्ड/दुर्व्यवहार, पितृसत्ता/मातृसत्ता, र पुरुषबाद/महिलाबाद सहित धेरै पापपूर्ण कार्यहरू र प्रणालीहरू निम्त्यायो।

### निष्कर्ष

उत्पत्ति ३ अध्यायमा, परमेश्वरले पतित संसारको परिणामहरू बारे *वर्णन* गर्नुभयो। महिलाको *(पतितर्फको इच्छन्) (टु'सुकह (T' suqah))* र पुरुषको *(महिलामाथिको शासन) माशाल (Mashal)* सामंजस्यपूर्ण तथा विश्व परिवर्तन गर्ने शक्तिशाली परिवारको लागि परमेश्वरको योजना थिएन। ती पदहरूले त्यो भयानक त्रासदीबारे बताएका थिए जो पतनको समयमा घटेको थियो –परमेश्वरको शक्तिशाली, सामंजस्यपूर्ण र सहकार्यपूर्ण समूहको विघटन।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?